४५२



(२) विदेशी किसिमको मदिरा पैठारी गर्नेलाई रु ५००। महसूल तिरी पैठारी लाइसेन्स लिनुपर्छ। एक पटक लिएको लाइसेन्स एक वर्षसम्म बहाल रहन्छ। त्यसपछि यसलाई फेरि बहाली गराउनुपर्छ।

(३) भन्सार सुविधा पाएका व्यक्तिहरूले विदेशी मदिरा पैठारी गर्ने लाइसेन्स लिनुपर्दैन। तर वहाँहरूले पैठारी गरेको मालको घोषणापत्र पेश गर्नुपर्छ।

(४) प्राइभेट व्यक्तिहरूले भन्सार महसूल तिरी प्रतिमहिना ३ युनिटसम्म मदिरा बिना-लाइसेन्स पैठारी गर्न सक्छ। देहायबमोजिमको परिणाम एक युनिट मानिने छः-

| | |
|---|---|
| ६ बोटल बियर | १ युनिट |
| ६ बोटल वाइन | ऐ |
| १ बोटल व्हीस्की | ऐ |
| १ बोटल ब्रन्डी | ऐ |
| १ बोटल जीन | ऐ |

(५) विना लाइसेन्स विदेशी मदिरा पैठारी गरे बिगो जफत गरी बिगोबमोजिम दण्ड गर्नू। पैठारी लाइसेन्स उद्योग वाणिज्य सिभिल सप्लाइज विभागबाट प्राप्त हुनेछ।-

रामप्रसाद जोशी
असिस्टेन्ट सेक्रेटरी-
अर्थविभाग.

## अर्थ ( आय ) विभागको सूचना

(४६००)

रजिष्ट्रेशन दस्तुर

उक्त विषयको टिप्पणी ०६ फाल्गुन २६ गते श्री ५ महाराजाधिराजका परामर्शदातृ-सभामा पेश हुँदा भएको निर्णयबमोजिम दस्तुर लिनू भन्ने हुकुम बक्से-

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को छ भनी श्री ५ महाराजाधिराजका सेक्रेटरी आफिसबाट ०६ चैत्र ६ गते लेखी आएको हुनाले साबिक रजिष्ट्रेशनबारेको रजिष्ट्रेशन ऐनको ३८ दफामा देहाय-बमोजिम संशोधित गरी काम कारवाई गर्नु गराउनुहोला ।

| असामी | फाछ्र्या राजीनामा बण्डापत्र हालै हक छुट्ने बक्स पत्रमा | धितो बन्धक र शेष पछिको बकसपत्रमा |
|---|---|---|
| १०० रुपैयाँसम्मको कागत भए | ३ तीन | २ दुइ |
| १०० देखि २५० सम्म भए | ५ पाँच | ३॥ साढे तीन |
| २५० देखि ५०० सम्म भए | ७ सात | ४॥ साढेचार |
| ५०० देखि १,००० सम्म भए | ९ नौ | ६ छ |
| १,००० रु देखि माथि हजारै पिच्छे बढाइ दस्तुर लिने | ३ तीन | २ इ |
| बिगो नखुलेकोमा बीस | २० | २०बीस |

लखबन्धक सारेकोमा अरू बन्धकीमरह
रजिष्ट्रेशन खुल्नुभन्दा अगाडिको कागज पास
गर्न ल्याए दरबन्दीको दुइ खण्डको १ खण्ड
घरसारमा अड्डाको हाकिम कारिन्दा गई कागज
गराई रजिष्टरी भएकोमा लिने थप दस्तुर रु———————१० दश
नक्कल लिन आएमा साथैको कागजको रु एक———————१ एक
नक्कल लिन आएमा मुख्य कागजको रु साढे एक——————१॥ साढे एक
नक्कल हेर्न आएमा रु एक————————————————१ एक

रामप्रसाद जोशी
अ. सेक्रेटरी–
अर्थ ( आय ) विभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।